फलफूल/पुष्प नर्सरी सूचीकरण र अनुमतिपत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/३०)

कास्की जिल्लाभित्र सञ्चालित तथा नयाँ स्थापना हुन चाहने सम्पूर्ण निजी/सहकारी फलफूल तथा पुष्प नर्सरीहरूले **"बीउ बिजन ऐन, २०४५"**, **"बीउ बिजन नियमावली, २०८१"** तथा गण्डकी प्रदेश सरकारको **"फलफूल नर्सरी व्यवस्थापन (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८०"** बमोजिम अनिवार्य रूपमा सूचिकृत भई बीउ/बिरुवा बिक्री वितरण अनुमतिपत्र लिनुपर्ने कानूनी व्यवस्था छ। तसर्थ, गुणस्तरीय बिरुवाको उत्पादन र आपूर्तिलाई व्यवस्थित गर्न यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र तपसिल बमोजिमका कागजातहरू संलग्न गरी यस कार्यालयमा वा इमेल (adokaski@gmail.com) मार्फत आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ।

साथै, गत आर्थिक वर्षहरूमा सूचीकृत भएका नर्सरीहरूले समेत "बीउ बिजन नियमावली, २०८१" को नियम १७ बमोजिम म्याद समाप्त हुनु अगावै अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ। तोकिएको समयभित्र सूचीकृत वा नवीकरण नहुने नर्सरीहरूलाई प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिलः

१. नर्सरी सूचीकरण तथा अनुमति माग गरिएको निवेदन फाराम।
२. सम्बन्धित स्थानीय तह वा निकायमा नर्सरी दर्ता वा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३. स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्र र पछिल्लो कर चुक्ताको प्रतिलिपि।
४. नर्सरी सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
५. जग्गा आफ्नो भए लालपुर्जाको प्रतिलिपि र भाडामा लिएको भए कम्तीमा १० वर्षको लिज सम्झौता पत्रको प्रतिलिपि।
६. नर्सरी स्थापना तथा व्यवस्थापन वा बीउ बिजन व्यवसायी अनुमतिपत्रको लागि तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि।
७. नर्सरी स्थापना गर्ने वा हाल नर्सरी संचालन भएको स्थानको माटो परीक्षण भएको भए सोको प्रतिवेदन।
८. सञ्चालकको हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो साथै उपलब्ध भएसम्म २-३ वटा नर्सरीको रङ्गिन तस्विरहरु।

पुनश्चः आवेदन फाराम यस कार्यालयको सूचना पाटी वा आधिकारिक फेसबुक पेज/वेबसाइटबाट प्राप्त गर्न सकिनेछ। आवश्यक कागजात बिना प्राप्त आवेदन एवम् तोकिएको समयसीमा पश्चात प्राप्त आवेदनहरु उपर कारबाही अघि बढाउन कार्यालय बाध्य हुने छैन। म्याद थप हुने भएमा पुनः सूचना गरिने छ।

Website: www.kaski.ado.gov.np
इमेलः adokaski@gmail.com
सम्पर्क विवरणः
कृषि विकास कार्यालय, कास्कीः ०६१-४५१२५०, ९८५६०२८४४४(कार्यालय प्रमुख), ९८५६००५६१८(गुनासो सुन्ने अधिकारी), ९८५७६२१३४१(सूचना अधिकारी)

नर्सरी/स्रोत केन्द्र विवरण फारम

कृषि विकास कार्यालय, कास्की २०८३-८४

१. नर्सरी/स्रोत केन्द्रको सामान्य विवरण

नर्सरीको नामः ..... **PAN नम्बरः** .....

स्थापना/दर्ता भएको साल (वि.स.):..... **ठेगानाः** स्थानीय तहः ..... वडा नंः ..... टोलः .....

भौगोलिक अवस्थितिः उचाईः .....,,,,.. MASL GPS (Lat/Long): .....,,,.....

२. भौतिक संरचना तथा प्राविधिक अवस्था

कुल क्षेत्रफल :..... **सिँचाइ सुविधाः** [ ] बाह्रैमास [ ] मौसमी [ ] छैन

नर्सरीको प्रकृति (✓): [ ] फलफूल [ ] पुष्प [ ] अन्य

संरचनाको प्रकारः [ ] खुल्ला (..... क्षेत्रफल) [ ] संरक्षित (जालीघर/ग्रिनहाउस) *([ ] आंशिक [ ] पूर्ण नियन्त्रित)*

संरक्षित संरचनाको साइज र संख्या (यदि भएमा): .....

माटो परीक्षणः [ ] गरेको *(pH , EC, NPK आदिः.....)* [ ] नगरेको

३. तालिम तथा उत्पादन/कारोबार विवरण

नर्सरी व्यवस्थापन तालिम (≥३ दिन): [ ] लिएको [ ] नलिएको **तालिम लिएको सालः** .....

बीउबिजन बिक्री अनुमतिपत्रको लागि तालिम (≥३ दिन): [ ] लिएको [ ] नलिएको **तालिम लिएको सालः** .....

बिरुवा उत्पादन र बिक्री सुरु भएको साल (वि.स.): .....

गत वर्ष बिक्री भएको परिमाणः ..... **गत वर्षको कारोबार (रु):** .....

४. बिरुवा/बेर्ना उत्पादनको प्राविधिक विवरण (चालु आ.व.):

सि.नं.	बाली र जात	प्रसारण विधि (बीउ-बिजु/कलमी/कटिङ)	रुटस्टक/ माउबोटको स्रोत	वार्षिक लक्ष्य (संख्या)	हाल बिक्रीयोग्य बिरुवा (संख्या)	कैफियत
१						
२						
३						
४						
५						

(थप विवरण भए छुट्टै समावेश गरी उपलब्ध गराउन सकिने छ।)

दस्तखत **संस्थाको छाप**

नाम : .....

सम्पर्क नम्बरः .....

विवरण बुझाएको मिति : .....